# <u>मिति २०७८।०९।२९ गतेको गाउँ कार्यपालिकाको बैठकका निर्णयः</u>

**निर्णय नं.-१,**

यस गाउपालिकाबाट आ व २०७७।०७८ मा सम्पादन भएका समग्र कार्यलाई १० वटा विषय क्षेत्र र त्यसका सूचकका आधारमा स्व मूल्याङ्क गर्दा <u>स्थानीय तह संस्थागत क्षमता स्व मुल्याङ्कन कार्यविधि २०७७</u> बमोजिम यस गाउँपालिकाको मिति २०७८।०९।०८ गतेदेखि २०७८।०९।१८ गतेसम्म गरिएको स्व मुल्याङ्कनको पूर्णाङ्क १०० मा ५४.५ अङ्क प्राप्त गरेकोले सो प्राप्त अंक स्वीकृत गरि सार्वजनिक गर्ने गरियो ।

**निर्णय नं.-२,**

माथि उल्लेखित प्रस्ताव नं २ मा उल्लेखित मुल्याङ्कन नतिजा विश्लेषण गर्दा कतिपय कुराहरु सुधार हुँदै लगिएको, कतिपय सधार गर्न सकिने विषयहरु तत्काल सुधार गर्ने तथा गत वर्ष कै कार्ययोजनालाई पूर्ण कार्यान्वयन गर्ने ।

**निर्णय नं.-३,**

माथि उल्लेखित प्रस्ताव नं ३ मा छलफल गर्दा गत आ व मा संघीय सरकारबाट सर्सत अनुदान अन्तर्गत सुरक्षित आवास कार्यक्रमको विनियोजित बजेटबाट वडा नं १ का स्वीकृत ८२ जना लाभग्राहीलाई रु २३ लाख ९९ हजार प्रथम किस्ताबाट दिईएको र प्रति लाभग्रही रु ५० हजार पुर्याउन दोश्रो किस्ताको बाँकी रकम गाउँपालिका तर्फ अध्यक्ष उपाध्यक्ष कोषको विविध शिर्षकबाट भुक्तानी दिने ।